# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शान्तिपुर, गुल्मी

सूचना नम्बरः १३१- २०८२/०८३

## तह बृद्धिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।।

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०३/१८)**

लुम्बिनी प्रदेशको स्थानीय निजामति सेवा ऐन, २०८१ दफा ३१ बमोजिम तहबृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा पाँच बर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अंक प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेको उम्मेदवारहरुले आफू बहाल रहेको पदभन्दा एकतह माथि तहबृद्धि हुन चाहेमा तहबृद्धि हुनका लागि यस कार्यालयमा स्थानीय निजामति सेवा नियमावली २०८१ को नियम ४८ अनुसार सोही नियमावलीको अनुसुची-१६ बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपशिलका कागजातहरु सहित आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

<u>तपशिलः</u>

१. कर्मचारीको सक्कल निवेदन,
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
३. हालको पदमा नियुक्ति पत्रको प्रतिलिपी,
४. कर्मचारी समायोजन र पदस्थापना भएको पत्रको प्रतिलिपी,
५. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपी,
६. पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फारम पेश गरेको कार्यालयको विवरण,
७. हालसम्म विभागिय कारवाहीमा नपरेको तथा प्रचलित कानून वमोजिम तह वृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,
८. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी,
९. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिसपत्र,

.................................
(लक्ष्मणप्रसाद चालिसे)
प्रमुख प्रशासकीय अधिकृत

**लक्ष्मणप्रसाद चालिसे**
**प्रमुख प्रशासकीय अधिकृत**

*पुनश्चः नियमावलीको अनुसुची-१६ को ढाँचा यस कार्यालयको प्रशासन शाखाबाट उपलब्ध हुनेछ।*